४.
त्र
१

# ककनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रानीपौवा,नुवाकोट
बागमती प्रदेश नेपाल ।

पत्र संख्या :०८१/८२
सूचना नं. १ (कृषि शाखा )

मिति :-२०८१।०४।०८

**कृषि व्यवसाय सहकारीको साझेदारीमा स्ट्रबेरी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा मल्चिङ्ग प्लाष्टिक वितरण कार्यक्रम सम्बन्धी सूचना ।**

*(प्रथम पटक प्रकाशित मिति:-२०८१।०४।०८)*

यस ककनी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,कृषि विकास शाखा रानीपौवा नुवाकोटको बागमती प्रदेश सरकारबाट सशर्त अनुदानमा प्राप्त चालु आ.व. ०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पहिलो चौमासिकमा गर्नु पर्ने कृषि व्यवसाय सहकारीको साझेदारीमा स्ट्रबेरी खेती प्रवर्द्धन कार्यक्रम अनुसार मिति २०८१।०४।०४ मा बसेको आर्थिक विकास समितीको सिफारिसमा मिति २०८१।०४।०६ मा बसेको गाउँकार्यपालिकाको बैठकले निर्णय गरेको ५० प्रतिशत अनुदानमा मल्चिङ्ग प्लाष्टिक वितरण कार्यक्रम रहेको हुँदा यस गाउँपालिका भित्रका स्ट्रबेरी खेती हुने क्षेत्रका ईच्छुक कृषि सहकारीहरुले यस सूचना प्रकाशन भएको मितिले ०७ दिन (*मिति २०८१/०४/१४ गते कार्यालय समय*) भित्र यस शाखामा तपसिलमा उल्लिखित कागजातका साथमा निवेदन पेश गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

तपशिल

१. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,

२. प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

४.कार्यक्रममा सहभागी हुने संचालक समितिको निर्णय (सहभागी हुने कृषकको क्षेत्र तथा आवश्यक पर्ने मल्चिङ्ग प्लाष्टिकको संख्या सहित )

५. सहभागी हुने कृषकको नागरिकताको प्रतिलिपि,

थप जानकारीको लागि कार्यलय समय भित्र कृषि विकास शाखा रानीपौवामा सम्पर्क राख्नु होला ।

खम्बराज राई
प्रमुख प्रशाकीय अधिकृत

खम्बराज राई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

१. ककनी गाउँपालिका वडा नं. २ र ५ को कार्यालय (सूचना सम्प्रेषण गरिदिनु हुन )

२. सूचना प्रविधि शाखा (सूचना सम्प्रेषण गरिदिनु हुन )



Shot on OnePlus
Powered by Triple Camera
CamScanner